द.नं. १३१३३८/७१/७२
पान नं.: ३०२२९८१९२

# कालिञ्चोक दर्शन लिमिटेड
# KALINCHOWK DARSHAN LIMITED

प.सं. (Ref No.):१६-२०८३/८४

मितिः २०८३/०५/२५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सूचीकरण शाखा, भद्रकाली, काठमाडौं ।

विषय : बाह्रौं (१२ औं) वार्षिक साधारण सभाको सूचना प्रकाशित गरिएको बारे ।

महोदय,

प्रस्तुत विषयमा यस कालिञ्चोक दर्शन लिमिटेडको आ.व. २०८२/०८३ को बाह्रौं वार्षिक साधारण सभा मिति २०८३ आश्विन १६ गते शुक्रबार बिहान ११:३० बजे जर्मन होम्स होटल, मध्यपुर थिमी, गट्ठाघर, भक्तपुरमा सञ्चालन गरिने कुराको जानकारी गराउँदै उक्त सभाको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका आर्थिक दैनिक पोष्टमा प्रथम पटक मिति २०८३/०५/२५ गते प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ। साथै बाह्रौं वार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि मिति २०८३/०६/०९ गते एक दिन कम्पनीको सेयरधनी दर्ता किताब बन्द रहने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु।

..................................
(तिलकराज शिवाकोटी)
कम्पनी सचिव

बोधार्थः

१) श्री नेपाल धितोपत्र बोर्ड (SEBON), खुमलटार, ललितपुर ।
२) श्री कम्पनी रजिष्ट्रारको कार्यालय(OCR), त्रिपुरेश्वर, काठमाण्डौं ।
३) श्री सि.डि.एस एण्ड क्लियरिङ्ग लिमिटेड (CDSC), पुतलीसडक, काठमाडौं ।

Registered Office: Pingalasthan, Gaushala, Kathmandu
Contact Details: Tel: 01-5913710 | E-mail: darshankalinchowk@gmail.com | Website: kalinchowkdarshan.com.np

# १२ औं वार्षिक साधरण सभा सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८३ भदौ २५ गते**

आदरणीय शेयरधनी महानुभावहरु यस कम्पनीको संचालक समितिको मिति २०८३ भदौ २४ गते सम्पन्न १०२ औं बैठकको निर्णय अनुसार यस कम्पनीको १२ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको हो ।

**साधरण सभा बस्ने :-**

**मिति :-** २०८३ साल असोज १६ गते शुक्रवार र (तदनुसार अक्टोबर २, २०२६)

**समय :-** दिनको ११:३० बजे ।

**स्थान :-** जर्मन होम्स होटल,मध्यपुर ठिमी,गठाघर,भक्तपुर ।

**सामान्य प्रस्तावहरू:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को अन्तिम आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण आदि) छलफल गरी पारित गर्ने ।

३. आ.व. २०८३/०८४ को लेखापरीक्षण कार्यका लागि सञ्चालक समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. संचालक को नियुक्ति बाकी अवधि को लागि अनुमोदन गर्ने बारे ।

**विशेष प्रस्तावहरू:**

१) सञ्चालक समितिको अघिल्लो बैठकले सिफारिस गरे बमोजिम हालको चुक्ता पुँजी रु. ६३,००,००,०००/- को ८.५% ले हुन आउने रु. ५,३५,५०,०००/- बराबरको बोनस सेयर र सोको कर प्रयोजनार्थ ०.४४७४% ले हुन आउने रु. २८,१८,४२१.०५/- नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२) कम्पनीको साविक प्रक्रियामा रहेको हकप्रद सेयर निष्कासनको सम्बन्धमा; प्रस्तावित ८.५०% बोनस सेयर वितरण पश्चात् कायम हुने चुक्ता पुँजी रु. ६८,३५,५०,०००/- मा पूर्वनिर्धारित १:१ (१००%) को अनुपातमा प्रतिसेयर रु. १००/- अंकित दरका कुल ६८,३५,५०० कित्ता हकप्रद सेयर निष्कासन तथा समायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

३) कम्पनीको व्यावसायिक कार्यक्षेत्र विस्तार तथा लगानी विविधीकरण गर्न कृषि, जलविद्युत, सूचना प्रविधि तथा उत्पादनमूलक क्षेत्रहरूमा लगानी एवं व्यवसाय सञ्चालन गर्ने गरी प्रबन्धपत्रको दफा ४ मा उद्देश्यहरू थप तथा परिमार्जन गर्ने प्रस्ताव पारित गर्ने ।

४) प्रस्तावित बोनस सेयर तथा हकप्रद सेयर जारी पश्चात् हुने पुँजी वृद्धिलाई समायोजन गर्न कम्पनीको जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने र सो बमोजिम प्रबन्धपत्रको दफा तथा नियमावलीका सम्बन्धित नियमहरूमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

५) प्रबन्धपत्र तथा नियमावलीको संशोधन, हकप्रद सेयर निष्कासन तथा नियमनकारी निकायहरू (कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) बाट कुनै फेरबदल, थपघट वा संशोधन गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम समायोजन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ख) विविध :**

**नोट :**

- **कम्पनीको शेयरधनि दर्ता किताब मिति २०८३ असोज ९ गते शुक्रवार १ (एक) दिनको लागि बन्द रहने व्यहोरा अनुरोध छ ।**
- **कम्पनीको साधारण सभामा भाग लिन आउने शेयरधनिले आफनो पहिचान खुल्ने परिचयपत्र अनिवार्य पेश गर्नु पर्ने छ अन्यथा सभा स्थल प्रवेशमा रोक लगाईने छ ।**

अन्य विस्तृत जानकारीको लागी कम्पनीको वेवसाईट www.kalinchowkdarshan.com.np वा कम्पनीको फोन नम्बर ०१-५९१३७१० बाट लिन सक्नु हुने छ ।

संचालक समितिको आज्ञाले

**कम्पनी सचिव**

**कालिञ्चोक दर्शन लिमिटेड**

पिङ्गलास्थान, गौशला-काठमाण्डौ, फोन :- ०१-५९१३७१०

इमेल :- darshankalinchowk@gmail.com